निर्णय न. २ Covid 19 सम्बन्धमाः चितवन जिल्लामा Covid 19 को संक्रमण निरन्तर बढ्दै गएकोले यस नगरपालिका अन्तर्गत बसोबासी गर्ने जनताहरु अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कन र घर बाहिर निस्किन परे सम्पूर्ण जनस्वास्थक मापदण्ड पुरा गरि निस्कनका लागि वडा टोल मार्फत जानकारी गराउने निर्णय गरियो ।

निर्णय न. ३ सहरी गरिब निवारणकोष सम्बन्धमा (लुमन्ती): यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा सहरी गरिबी निवारण (लुमन्ती) कार्यक्रम संचालन भई रहेकोले उक्त कार्यक्रम संचालन गर्ने संस्थालाई matching fund मार्फत हाललाई रु. १,५०,०००/- (एक लाख पचास हजार) दिने निर्णय गरियो ।

निर्णय न. ४ रामपुर कृषि क्याम्पस/RRN को पत्र सम्बन्धमाः यस नगरपालिका अन्तर्गत संचालनमा रहेको कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर कृषि क्याम्पसमा कृषि स्नातक कार्यक्रम अध्ययन अध्यापन गर्ने बिद्यार्थी र साथै प्राध्यापकहरुलाई प्रयोगात्मक कक्षा संचालन र अरु बिषयमा अध्ययन अनुसन्धान गर्नको लागि खैरहनी नगरपालिका वडा न. ३ स्थित रहेको नेपाल ग्रामिण पुनर्निर्माण संस्थाको श्रोत केन्द्र निर्माण गर्न रु. २५,००,०००/- (पचिस लाख) दिने निर्णय गरियो ।

निर्णय न. ५ आधारभूत शिक्षा शुल्क सम्बन्धमाः यस नगरपालिका बाट आ.वा. ०७७/०७८ मा शिक्षा तर्फको कार्यक्रम सामुदायिक बिद्यालय तर्फको कक्षा ८ मा पढ्ने बिद्यार्थीको अन्तिम परिक्षा शुल्क वापतको रकम संघिय सरकार र नगरपालिका बाट व्यहोर्ने र संस्थागत विद्यालयको बिद्यार्थीको हकमा बिद्यालय मार्फत बिद्यार्थीहरुबाट रु. ३००/- लीने गरि आधारभूत शिक्षा उत्तीर्ण परिक्षा समितिको बैठकबाट निर्णय भएकोमा नगरको आ.वा. ०७७/०७८ पुस्तिकाको प्रस्तावित कर तथा गैर कर राजस्व दरहरुको शिर्षकको क्र.स. २७ को परिक्षा शुल्क शिर्षकमा आधारभूत तर्फको परिक्षा शुल्क रु. ४००/- लिने भनि भुलबस उल्लेख भएकोमा यस वर्ष आधारभूत तह उत्तीर्ण परिक्षाको शुल्क रु. ३००/- (तिन सय) कायम गर्ने निर्णय गरियो ।

निर्णय न. ६LISA: यस खैरहनी नगरपालिकाको संस्थागत क्षमता मुल्यांकन कार्य प्रदेश शुसासन केन्द्रबाट खटि आउनु भएका सुकदेव लम्साल र प्रकाश तिवारीको सहयोगमा सम्पन्न गरि मुल्यांकन बमोजिम यस नगरपालिकाले ७८% अंक प्राप्त गरेकोले उक्त नतिजालाई सार्वजनिकरण गर्ने निर्णय गरियो ।

निर्णय न. ७ कृषि तथा पशुपन्क्षी उपज बजार ब्यबस्थापन तथा संचालन सम्बन्धि कार्यविधि २०७८:

यस नगरपालिका अन्तर्गत रहेका कृषि तथा पशुपन्क्षी उपज बजार ब्यबस्थापन तथा संचालन सम्बन्धि कार्य ब्यबस्थित रुपमा संचालन गर्न निर्माण गरिएको कार्यविधि २०७८ लाई यस कार्यालयको मिति २०७८ बैशाख १२ गते बसेको बिधायन समितिको निर्णय र सिफारिस अनुसार आज मिति २०७८ बैशाख १३ गतेको कार्यपालिकाको बैठकबाट उक्त कार्यविधि सर्व सहमत बाट पारित गर्ने निर्णय गरियो ।

## तपसिल

क. वडा नं १०मा निर्माण प्रस्ताव गरिएको एनारोबिक डाईजेशन (बायो ग्यास) प्रबिधिबाट फोहोर देखि उर्जा परियोजना उत्पादनको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) नगरप्रमुखको संयोजनमा रहेको जाँचबुझ तथा पुनरावलोकन समितिको सिफारिसमा स्वीकृतिको लागि पेश भएकोमा उक्त प्रतिवेदन वातावरण संरक्षण ऐन २०७६, र नियामावली २०७७ तथा खैरहनी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा खैरहनी नगरपालिकाको सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धि कार्यविधि २०७७ अनुसार स्वीकृत गरिने निर्णय गरियो ।

ख. वडा नं १ मा रहेको अन्नपूर्ण पोल्ट्री ब्रिडस फार्म प्रा.लिले फार्मबाट निस्किएको मलबाट बायोग्यास उत्पादन गर्ने प्रस्ताव गरिएको बायो ग्यास प्लान्टको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) नगरप्रमुखको संयोजनमा रहेको जाँचबुझ तथा पुनरावलोकन समितिको सिफारिसमा स्वीकृतिको लागि पेश भएकोमा उक्त प्रतिवेदन वातावरण संरक्षण ऐन २०७६, र नियामावली २०७७ तथा खैरहनी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा खैरहनी नगरपालिकाको सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धि कार्यविधि २०७७ अनुसार स्वीकृत गरिने निर्णय गरियो ।।

ग. यस नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्नका ट्रयाक्टर भाडामा लिने प्रयोजनका लागी मिति २०७६/११/२८ गते स्काईलाईन बिल्डर्स प्रा.लि संग सम्झौता भई २०७६/१२/०१ गतेको कार्यदिश अनुसार एक वर्षको लागि फोहोरमैला व्यवस्थापनको कार्य भैरहेकोमा उक्त सम्झौताको समय अवधि सम्पन्न भएको छ । यस सन्दभमा ठेक्का प्रक्रिया सुरु गरी नयाँ सेवाप्रदायक सँस्था छनौट गर्नका लागी मिति २०७७/११/०७ गते नागरिक दैनिकमा सूचना प्रकाशित गरी प्रक्रिया अगाडी बढेकोमा प्राबिधिक कारणले उक्त प्रक्रिया पुरा नभई ठेक्का प्रक्रिया रद् गर्नपर्यो ।नगरक्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन प्रत्येक घरधुरीसंग जोडिएको र जटिल र संबेदनशील कार्यभएको, गर्मिको मौसममा फोहोरमैलाको उचित व्यवस्थापन नभएमा फोहोरमैला जन्य रोगको महामारी समेत फैलिने खतरा रहेको हुँदा फोहोरमैलाको नियमित व्यवस्थापन  स्थानीय तहको काम कर्तब्य र अधिकारक्षेत्रको बिषयसमेत रहेकोले सो ठेक्का प्रक्रिया पुनः सुरु गरी नया सेवा प्रदायक सँस्थासंग सम्झौता नभएसम्मको लागि साबिककै सँस्था संग साबिककै दररेटमा काम गर्ने गरी २०७७/१२/०१ गते देखिनै प्रबन्ध गरिएको र वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७७/१२/१० गतेको बैठक समेत सोहीअनुसार निर्णय गरेकाले सोहि बमोजिम साबिकको सँस्थालाई नयाँ सम्झौता नहुँदासम्म साबिककै दररेटमा कार्य गराईसोहि बमोजिम भुक्तानीको प्रबन्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस खैरहनी नगरपालिका कृषि शाखाको चालु आ.व. २०७७/०७८ लागि स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत संघिय सरकारबाट हस्तान्तरीय ससर्त तर्फको नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम (५०% अनुदान) संचालनका लागि १५ दिनको म्याद राखि मिति २०७७/७/१८ मा सूचना प्रकाशित गरिएकोमा सूचनाको समय सिमा भित्र २ वटा पुराना संचालनमा रहेका नर्सरीबाट कार्यक्रममा सहभागी हुन आवेदन परेको । प्राप्त कार्यक्रम तथा बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल संचालित नर्सरीहरुको क्षमता अभिबृद्दि कार्यक्रम संचालन प्रक्रिया, २०७७ बमोजिम नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रमका लागि अनुदान कार्यक्रम संचालन गरिनु पर्ने देखिन्छ । तर यस नगरपालिकामा नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना भन्दा संचालित बहुउद्देश्यीय नर्सरीहरुको क्षमता अभिबृद्दि कार्यक्रम बढि आवस्यक देखिएको । यस सम्बन्धमा यस कार्यालयको मिति २०७७/१२/३० को टिप्पणी आदेशबाट निर्णय भए अनुसार नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम (५०% अनुदान) को सट्टामा संचालित बहुउद्देश्यीय नर्सरीको क्षमता अभिबृद्दि कार्यक्रम (५०% अनुदान) संचालनका लागि खैरहनी नगरपालिकाको नगर कार्यपालिका बैठकबाट निर्णय गरियो ।